बाह्रदशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चकचकी, झापा
कोशी प्रदेश, नेपाल

साधुपर्ती अदुवा खोला काठेपुल र कोनाबारी अदुवा खोला काठेपुल खोली बिक्री गर्ने कार्यको सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना

प्रथमपटक प्रकाशित मितिः- २०८३/०७/१३

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२(क) साथै बाह्रदशी गाउँपालिकाको आर्थिक ऐन, २०८३ को दफा १७ बमोजिम यस बाह्रदशी गाउँपालिका वडा नं. १ स्थित साधुपर्ती अदुवा खोला र वडा नं. ३ स्थित कोनाबारी अदुवा खोलाको अत्यन्तै जीर्ण भएका काठेपुलहरु खोली दाउरा बिक्री गर्ने गरि ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले **तोकिएका कागजातहरु र रितपूर्वक भरिएको दररेट फाराम सहितको सिलबन्दी दरभाउपत्र फाराम** लगायतका कागजातहरु संलग्न गरि तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र प्रक्रियामा सहभागी हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना (Hardcopy) प्रकाशन गरिएको छ ।

तपसिलः-

सि. नं.	सूचना नं./ ठेक्का नं.	सिलबन्दी दरभाउपत्रको विवरण	न्यूनतम सिलबन्दी दरभाउपत्र रकम (मू. अ. कर समेत)	सिलबन्दी दरभाउपत्र फाराम दस्तुर	सिलबन्दी दरभाउपत्र जमानत र मान्य अवधी	सिलबन्दी दरभाउपत्र पेश गर्नु पर्ने अन्तिम मिति र समय	सिलबन्दी दरभाउपत्र खोलिने मिति र समय
१	NCB/Bahradashi/A/1/2083-84	साधुपर्ती अदुवा खोला काठेपुल र कोनाबारी अदुवा खोला काठेपुल खोली बिक्री गर्ने कार्य ।	५,३७,९६६।०१	१,०००।००	कबुल अंकको न्यूनतम ५%, पेश गर्ने अन्तिम मितिबाट ७५ दिन	२०८३/०७/२० दिनको १२:०० बजे भित्र	२०८३/०७/२० दिनको १२:१५ बजे

शर्तहरूः

१) योग्य सिलबन्दी दरभाउपत्रदाताहरूले यस सम्वन्धी थप जानकारीको लागि बाह्रदशी गाउँ कार्यपालिकाको कार्यालय, चकचकी, झापामा वा ९८१६९३८७७६ वा bahradashirm@gmail.com मा सम्पर्क राख्न सक्नेछन् ।

२) योग्य सिलबन्दी दरभाउपत्रदाताहरूले सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजातहरू बाह्रदशी गाउँ कार्यपालिकाको कार्यालय, चकचकी, झापाबाट प्राप्त गर्न सक्नेछन् । सोको लागि सिलबन्दी दरभाउपत्र सम्वन्धी कागजातको दस्तुर रु १,०००।०० (फिर्ता नहुने) यस कार्यालयको राजश्व शाखामा दाखिला गरि वा यस कार्यालयको नाममा माछापुच्छे बैंक राजगढ स्थित रहेको खाता नं ०८३००८७०५००००११३ मा जम्मा गरि सक्कलै भौचर, निवेदन साथै व्यक्तिको हकमा नागरिक्ताको प्रतिलिपि र फर्मको हकमा फर्म दर्ताको प्रमाणपत्र मिति २०८३/०७/१९ गतेको कार्यालय समय भित्र पेश गर्नुपर्नेछ ।

३) सिलबन्दी दरभाउपत्र दाखिला गर्ने सिलबन्दी दरभाउपत्रदाताले **कबुल अंकको न्यूनतम ५%** धरौटी यस कार्यालयको नाममा माछापुच्छे बैंक राजगढ स्थित रहेको धरौटी खाता नं ०८३००८७०५०००००६२ मा जम्मा गरि भौचर पेश गर्नु पर्ने छ वा मान्यता प्राप्त क वर्गको बैंक बाट यस कार्यालयको नाममा जारी भएको **७५** दिन म्याद (सिलबन्दी दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट) भएको बिडवण्ड धरौटी स्वरुप पेश गर्नुपर्नेछ ।

४) **व्यक्तिको हकमा नागरिक्ताको प्रमाणपत्रको प्रतिलिपि साथै फर्मको हकमा फर्मको नवीकरण भएको प्रमाणपत्र (ईजाजत/व्यवसाय दर्ता आवश्यक हुनेको हकमा सो समेत), स्थायी लेखा नं. दर्ता प्रमाणपत्र, आ. व. २०८२/८३ को कर चुक्ता प्रमाणपत्र वा म्याद थप, तोकिए बमोजिमको सिलबन्दी दरभाउपत्र जमानत, अख्तियारी पत्र र स्वघोषणा पत्र** समेत सिलबन्दी दरभाउपत्र साथ संलग्न गरि पेश गर्नुपर्नेछ ।

सुनिता रिमाल
प्रमुख प्रशासकीय अधिकृत

५) सिलबन्दी दरभाउपत्र मिति **२०८३/०७/२० गते दिनको १२:०० बजे** भित्र पेश गर्नु पर्नेछ । ढिलो गरि प्राप्त सिलबन्दी दरभाउपत्र स्वीकार गरिने छैन ।

६) तोकिएको समयभित्र पेश भएका सिलवन्दी दरभाउपत्रहरु उपस्थित हुन चाहेका सिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा बाह्रदशी गाउँपालिकाको कार्यालयमा मिति **२०८३/०७/२० गते दिनको १२:१५ बजे** खोलिनेछ । सिलवन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको खण्डमा सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

७) सिलबन्दी दरभाउपत्र खरिद गर्ने र पेश गर्ने/खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खोल्ने दिन अन्तिम मिति कायम हुनेछ ।

८) कुनै वा सबै सिलवन्दी दरभाउपत्र, पूरै वा आंशिक रूपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहनेछ ।

९) उल्लेखित सिलवन्दी दरभाउपत्र स्वीकृत भए पश्चात सम्झौता गर्नु पूर्व सम्वन्धित व्यक्ति वा फर्मले आफुले कबुल गरेको रकम (भ्याट समेत) एकमुष्ठ बुझाई सोको प्रमाण यस कार्यालयमा पेश गर्नुपर्नेछ ।

१०) सिलवन्दी दरभाउपत्र फाराम जसको नाममा खरिद गरिएको हो सोही फर्मको नाममा दाखिला गर्नुपर्नेछ ।

११) सिलवन्दी दरभाउपत्र फाराम भर्दा आफूले कबुल गरेको रकम अंक र अक्षर दुवैमा प्रष्ट हुने गरि उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा लेखिएको रकम फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।

१२) सिलबन्दी दरभाउपत्र स्वीकृत भएपछि सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र सम्झौता गर्न यस कार्यालयमा आउनु पर्नेछ । मनासिब कारण बाहेक सो अवधि भित्र सम्झौता गरि ठेक्कापट्टा नलिएमा निजको धरौटी रकम जफत गरि कालोसूचीमा राखिने छ ।

१३) यसमा उल्लेख भएका कुराहरुमा सोहि बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

२०८३/०८/१३

(सुनिता रिमाल)
प्रमुख प्रशासकीय अधिकृत

सुनिता रिमाल
प्रमुख प्रशासकीय अधिकृत